# छात्रवृत्ति स्थापना तथा सञ्चालन सम्बन्धी सहमतिपत्र

१. **नाम**

यस छात्रवृत्तिको नाम " सांग्रीला छात्रवृत्ति " रहनेछ ।

२. **अवधि**

यो छात्रवृत्ति एक शैक्षिक वर्षमा एक पटक उपलब्ध गराइनेछ ।

३. **उद्देश्य**

काठमाडौ विश्वविद्यालय, स्कूल अफ इञ्जिनियरिङ्ग अन्तर्गत कुनै एक विषयमा प्रत्येक वर्ष एक जना विद्यार्थीलाई पूरा छात्रवृत्ति प्रदान गरी इञ्जिनियरिङ्ग विषयको अध्ययन तथा अनुसन्धानबाट मुलुकको विकासको प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

४. **छात्रवृत्तिको रकम**

उपर्युक्त उद्देश्य हासिल गर्नको लागि दाता श्री श्यामबहादुर पाण्डेले काठमाडौ विश्वविद्यालयको नाउँमा छात्रवृत्ति ( शिक्षण शुल्क वृद्धि भएमा तद्अनुसार) रकम बार्षिक २ किस्तामा यथासमयमा जम्मा गर्नु हुनेछ ।

५. **विद्यार्थी छनोट प्रक्रिया**

- काठमाडौ विश्वविद्यालय, स्कूल अफ इञ्जिनियरिङ्ग अन्तर्गत विभिन्न विषयमा अध्ययनगर्ने बी.ई.प्रथम वर्ष प्रथम सेमेस्टरका विद्यार्थीहरु वा सोही विषयमा विश्वविद्यालय प्रवेश परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरु मध्येबाट दरखास्त आव्हान गरी आर्थिक रुपले कमजोर एवं जेहन्दार विद्यार्थीलाई प्रदान गरिनेछ ।

- छात्रवृत्ति प्रदान गर्दा पूर्ण, अर्द्ध वा आंशिकमध्ये कुनै एक प्रदान गर्न सकिनेछ ।

- छात्रवृत्ति प्रदान गर्नका लागि विद्यार्थी छनोट कार्य विश्वविद्यालय छात्रवृत्ति छनोट समितिले गर्नेछ । उक्त छनोट प्रक्रियामा दाता वा दाताले चयन गरी पठाएको प्रतिनिधिको पनि सहभागिता रहनेछ ।

- छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले विश्वविद्यालय वा दातालाई मान्य भएका शर्तहरु स्वीकार गर्नु पर्नेछ ।

- छात्रवृत्ति प्राप्त विद्यार्थी आचरणहीन र अनुशासनहीन सम्बन्धी कार्यवाहीमा परेमा, राम्रो नतिजा ल्याउन नसकेमा वा अनुत्तीर्ण भएमा उक्त छात्रवृत्ति रकम प्रदान गर्न बन्द गरिनेछ ।

- यदि छात्रवृत्ति प्राप्त विद्यार्थीले कुनै कारणबस अध्ययन बीचमै छोडेमा वा छोड्नु परेमा बाँकि अवधिको लागि अन्य विद्यार्थीलाई लागि छात्रवृत्ति प्रदान गरिनेछैन ।

६. **रकम खर्च नभएमा**

यसबाट प्राप्त हुने रकम कुनै कारणबस खर्च हुन नसकेमा वा खर्च भै बाँकि रहन आएमा सो रकम अर्को वर्ष प्रदान गरिने छात्रवृत्ति प्रयोजनका लागि खर्च गरिनेछ ।

७. **रकम थप गर्न सकिने**

दाताले वा दाताको नाममा अरु कसैले यसमा रकम थप गर्न चाहेमा वा छात्रवृत्ति संख्या बढाउनु परेमा विश्वविद्यालयको स्वीकृति लिई गर्न सक्नेछ ।

८. <u>अन्यकुराहरु</u>

- छात्रवृत्ति प्रदान भएको जानकारी सञ्चार माध्यमबाट गराइनेछ ।
- छात्रवृत्ति प्राप्त गर्नेहरुको नाम विश्वविद्यालयका प्रकाशनहरुमा र सूचनापाटीमा उल्लेख गरिनेछ ।
- छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी(हरु)को शैक्षिक प्रगति विवरण प्रत्येक वर्ष दाताले माग गरेमा उपलब्ध गराइनेछ ।

९. यस प्रस्तावमा परेका बुँदाहरुमा दाता वा विश्वविद्यालय बीचको सहमति अनुसार थपघट वा संशोधन गर्न सकिनेछ ।

उपर्युक्त बमोजिमको प्रस्ताव म दाता (नाम र वतन) श्याम बहादुर पाण्डे लाई मञ्जुर छ ।

[signature]

दाताको दस्तखत

उपर्युक्त बमोजिमको प्रस्ताव काठमाडौं विश्वविद्यालयको तर्फबाट म रजिष्ट्रार डा.सीताराम अधिकारीलाई मञ्जुर छ ।

सीताराम अधिकारी

दस्तखत

इति सम्बत् २०५९ साल १२ महिना ५ गते रोज ४ शुभम् ।